
# तिलाठी कोइलाडी गाउँपालिका

## जोखिम पार्श्वचित्र




Projection System: MUTM, Spheroid - Everest 1830
MoFALD, 2074

जोखिम पार्श्वचित्र
तिलाठी कोइलाडी गाउँपालिका

# तिलाठी कोइलाडी गाउँपालिका
# जोखिम पार्श्वचित्र

**१. गाउँपालिकाको परिचय**

सप्तरीको निर्वाचन क्षेत्र नं. २ को (क) अन्तर्गत पर्ने तिलाठी कोईलाडी गाउँपालिका भित्र साबिक गाबिस तिलाठी, लौनिया, सकरपुरा, कोइलाडी, को. बर्साइन, को. मधेपुराको १ देखि ३ तथा ८ र ९ तथा साबिकको बभनगामाकट्टी गाविसहरु समावेश गरि यस गाउँपालिकाको निर्माण गरिएको हो । को. मधेपुरा बाहेकका ६ वटै गाविसहरु पुर्ण रुपमा यस गाउँपालिका अन्तर्गत समावेश गरिएको छ भने को.मधेपुराको १ देखि ४ सम्मका वडालाई राजविराज नगरपालिकामा गाँभिएको हो ।

१.१ भौगोलिक अवस्था :
तिलाठी कोईलाडी गाउँपालिकाले निम्न अक्षांश र देशान्तरको माध्यमबाट विस्तार गर्दछ ।
अक्षांश : 26° 46" देखि 26° 48" उत्तर
देशान्तर : 86° 28" देखि 86° 81" पुर्व

- जलवायुजन्य, हावापानी आदिको अवस्था र प्रभाव ।

**गाउँपालिकाको प्रकोपको अवस्था**

सप्तरीको निर्वाचन क्षेत्र नं. २ को (क) अन्तर्गत पर्ने तिलाठी कोईलाडी गाउँपालिका भित्र साबिक गाबिस तिलाठी, लौनिया, सकरपुरा, कोइलाडी, को. बर्साइन, को. मधेपुराको १ देखि ३ तथा ८ र ९ तथा साबिकको बभनगामाकट्टी गाविसहरु समावेश गरि यस गाउँपालिकाको निर्माण गरिएको हो । को. मधेपुरा बाहेकका ६ वटै गाविसहरु पुर्ण रुपमा यस गाउँपालिका अन्तर्गत समावेश गरिएको छ भने को.मधेपुराको १ देखि ४ सम्मका वडालाई राजविराज नगरपालिकामा गाँभिएको हो ।

विपद्को दृष्टिकोणले तिलाठी कोइलाडी गाउँपालिका अत्यधिक जोखिममा रहेको छ । यस गाउँपालिका भएर बगिरहेको खाँडो, महुली, जिता तथा कोशी नदीको कारण यो गाउँपालिका बाढीबाट अत्यधिक प्रभावित हुने गरेको छ । खाँडो खोलामा वर्षेनी बालुवा माटो थुप्रिनाले खोलाको सतह दिनानुदिन बढ्दै गइरहेकोले हुँदा बसोवास क्षेत्र वर्षातको मौसममा लगभग तीन महिना जति जलमग्न रहने, पानी सुके पछि गाउँ घर डगर बाटो समेत हिलाम्यै हुने गरेको छ । जसले गर्दा आवतजावतमा कठिनाई र बर्षेनी महामारीको चपेटामा पर्ने नियती नै भईरहेको छ । कम साधन स्रोत र परम्परागत ज्ञानको कारणले विपद् जोखिम न्यूनीकरणका निमित्त सामना गर्ने क्षमता नै अपर्याप्त भई संकटासन्नताको अवस्थामा रही विपद्को चपेटमा परेको छ ।

यी नदीहरुलाई नियन्त्रण गर्ने कार्य गाउँपालिकाका लागि निकै चुनौतिपुर्ण रहेको छ । खास गरेर चुरे क्षेत्रवाट निस्केका यी नदिहरु तिलाठी-कोईलाडी हुँदै दक्षिणी सिमावर्ती भारतीय क्षेत्रमा प्रवेश गर्ने गर्छन । यद्यपी पछिल्लो केहि वर्ष यता दशगज्जा क्षेत्रमा यी नदीहरुले सहज निकास पाउन नसक्दा यस गाउँपालिकामा डुबानको समस्या जटिल बन्दै गएको हो । यसवाहेक आगलागी, शितलहर जस्ता विपदले पनि यस गाउँपालिकालाई वेलावखत सताउने गरेको छ ।

डुबानको समस्या र चुनौतिका विच यहाँ विकासको सम्भावना पनि उत्तिकै रहेको छ । कृषिको प्रचुर सम्भावना रहेको ठाउँ हो यो । यस गाउँपालिका भित्र सयौको संख्यामा पोखरीहरु रहेका छन् । जहाँ माछा पालन व्यवसायको प्रचुर सम्भावना छ । सिंचाई व्यवस्थीत गर्न सकिए कृषिका लागि उर्बर ठाउँ हो यो । धान, गहुँ लगायत तरकरी, दलहन, तेलहन लगायत नगदेवाली उत्पादनका लागि पनि यो ठाउँ निकै उपयुक्त मानिन्छ । भारतीय नाकासँग जोडिएको हुनाले यहाँ व्यापारिक केन्द्र मात्रै नभई गाउँपालिकाको दक्षिण भेगमा रहेको जग्गा अधिग्रहण गरी उद्योग स्थापना गर्न सक्ने सम्भावना समेत रहेको छ ।

- सडकको अवस्था कालोपत्रे २१ किमि, कच्ची मोटरबाटो ७९ किमि
- भू-उपयोग : सकरपुराको कूल क्षेत्रफलको ७५ प्रतिशत भाग कृषियोग्य जमीनले ओगटेको छ । यहाँको जमीनमा धान, गहुँ, दलहन तथा तेलहन बाली लगाउने गरिएको छ । यहाँको जमीनमा वन लगाइएको छैन । निजी तथा सामुदायिक वन समेत यहाँ रहेको छैन । कृषियोग्य जमीन रहेको हुँदा यहाँ वन नलगाइएको हो । वडाको प्रमुख समस्याको रुपमा रहेको खाँडो खोला वस्तीको पश्चिमी भागबाट बगिरहेको छ ।

## २. जनसङ्ख्या :

जनसंख्या र घरधुरी :

लिङ्ग र परिवारको अनुसार जनसंख्या वितरण तल तालिकामा राखिएको छ । तालिकाबाट देखापरेको औसत घरको आकार ५.३८ रहेको छ जुन राष्ट्रिय स्तरको तथ्यांक भन्दा निकै बढी हो । नेपालको औसत घरधुरी ४.८८ रहेको छ । लिंगको अनुपात १०८.२२ रहेको छ ।

| घरधुरी | जनसंख्या | महिला | पुरुष | औसत घरधुरी आकार | लिंग अनुपात |
|---|---|---|---|---|---|
| 7133 | 38365 | 18425 | 19940 | 5:38 | **108:22** |

श्रोत : गाउँपालिकाको प्रोफाइल २०७५

### २.१ वडा अनुसार घरधुरी तथा जनसंख्याको बिवरण :

सप्तरी जिल्लाकै सवैभन्दा बढी जनघनत्व रहेको यस गाउँपालिकाको वडा नं. ७ को जनघनत्व सवैभन्दा बढी रहेकोछ भने वडा नं ५ को सवैभन्दा कम जनघनत्व रहेको छ । बिस्तृत बिवरण यस प्रकार रहेको छ ।

| वडा नं. | घर परिवार संख्या | महिला | पुरुष | जम्मा | क्षेत्रफल वर्ग किमि | औषत जनसंख्या | जनघनत्व |
|---|---|---|---|---|---|---|---|
| 1 | 753 | 1985 | 2243 | 4228 | 3.53 | 5.61 | 1197.7 |
| 2 | 701 | 1772 | 2036 | 3808 | 3.93 | 5.43 | 968.96 |
| 3 | 1052 | 2570 | 2781 | 5351 | 3.64 | 5.09 | 1470.1 |
| 4 | 878 | 2328 | 2576 | 4904 | 3.86 | 5.59 | 1270.5 |
| 5 | 1207 | 3142 | 3392 | 6534 | 7.8 | 5.41 | 837.69 |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| 6 | 607 | 1091 | 1285 | 2376 | 2.37 | 3.91 | 1002.5 |
| 7 | 1154 | 3449 | 3159 | 6608 | 4.41 | 5.73 | 1498.4 |
| 8 | 781 | 2088 | 2468 | 4556 | 3.38 | 5.83 | 1347.9 |
| जम्मा | 7133 | 18425 | 19940 | 38365 | 32.92 | 5.38 | 1165.4 |

श्रोत : गाउँपालिकाको प्रोफाइल २०७५

उमेर तथा लिंगका आधारमा जनसंख्याको बिवरण :

| उमेर समुह | महिला | पुरुष | जम्मा |
|---|---|---|---|
| ५ बर्ष भन्दा मुनि | 2152 | 2461 | 4613 |
| ५-९ बर्ष | 2365 | 2430 | 4795 |
| १०-१४ बर्ष | 2212 | 2314 | 4526 |
| १५-१८ बर्षसम्म | 1645 | 1754 | 3399 |
| १९-२४ बर्षसम्म | 1651 | 1502 | 3153 |
| २५-४५ बर्षसम्म | 5261 | 5421 | 10682 |
| ४६-५९ बर्षसम्म | 1978 | 2373 | 4351 |
| ६०-६९ बर्षसम्म | 812 | 916 | 1728 |
| ७० बर्षभन्दा माथी | 497 | 621 | 1118 |
| जम्मा | 18573 | 19792 | **38365** |

श्रोत : गाउँपालिकाको प्रोफाइल २०७५

**धर्मको आधारमा घरधुरीको बिवरण :**

| क्र.सं. | धर्म | घरधुरी |
|---|---|---|
| १ | हिन्दु | 6905 |
| २ | मुस्लिम | 228 |

श्रोत : गाउँपालिकाको प्रोफाइल २०७५

**५ बर्ष भित्रका बालबालिकाको उमेर समुह र लिंग**

यस गाउँपालिकाको कुल जनसंख्याको १२.०२ प्रतिशत ५ बर्ष मुनिका बालबालिकाको रहेको छ। ५ वर्षे जनसंख्या जसले तिनीहरूको हेरविचार र गाउँपालिकाद्वारा महत्वपूर्ण कार्यक्रमहरुको आवश्यकता पर्दछ। बिस्तृत बिवरण यस प्रकार रहेको छ।

| बालक | बालिका | जम्मा | औषत |
|---|---|---|---|
| 2461 | 2152 | 4613 | 12:02 |

श्रोत : गाउँपालिकाको प्रोफाइल २०७५

**जात जातिको आधारमा घरधुरी :**

तिलाठी कोईलाडी गाउँपालिकामा करिव २७ जात जाति तथा ३८ थर भएको समुदायको बसोवास रहेको छ । जसमध्ये मण्डल जातिको बाहुल्यता रहेको छ भने दलित, तेली, राजपुत, मधेशी बाह्मण मुस्लिम, यादव संगै अन्य मधेशी समुदायको बाक्लो उपस्थिति रहेको छ । घरधुरीको संकलन गरिएको तथ्यांक अनुसार उल्लेखित तथ्यांक रहेको छ ।

| क्र.सं. | जातजाति | घरधुरी |
|---|---|---|
| 1 | मण्डल | 2025 |
| 2 | खंग | 608 |
| 3 | साह | 598 |
| 4 | मधेशी बाहुन | 546 |
| 5 | यादव | 543 |
| 6 | मुखिया | 442 |
| 7 | राजपुत | 414 |
| 8 | राँय | 323 |
| 9 | मुस्लिम | 228 |
| 10 | सरदार | 208 |
| 11 | राम | 184 |
| 12 | मलाह | 171 |
| 13 | ठाकुर | 104 |
| 14 | मुसहर | 103 |
| 15 | बनिया | 93 |
| 16 | पंडित | 90 |
| 17 | शर्मा | 74 |
| 18 | रजक | 55 |
| 19 | देव | 53 |
| 20 | पासवान | 41 |
| 21 | सदा | 39 |

| | | |
|---|---|---|
| 22 | सुतिहार | 37 |
| 23 | महतो | 26 |
| 24 | साफी | 24 |
| 25 | कामैत | 22 |
| 26 | मालि | 20 |
| 27 | डोम | 19 |
| 28 | कायस्थ | 17 |
| 29 | राउत | 10 |
| 30 | बर्मा | 3 |
| 31 | साहनी | 3 |
| 32 | चौरसिया | 3 |
| 33 | मलिक | 2 |
| 34 | गोसिया | 2 |
| 35 | गिरी | 2 |
| 36 | अमात | 1 |
| | **जम्मा** | **7133** |

श्रोत : गाउँपालिकाको प्रोफाइल २०७५

## जातजाति अनुसारको जनसङ्ख्या

| वडा नं. | दलित | | | | जनजाति | | | | अन्य | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | घरधुरी | महिला | पुरुष | जम्मा | घरधुरी | महिला | पुरुष | जम्मा | घरधुरी | महिला | पुरुष | जम्मा |
| १ | | | | | | | | | | | | |
| …… | | | | | | | | | | | | |
| ९ | | | | | | | | | | | | |
| जम्मा | | | | | | | | | | | | |

## उमेरअनुसारको जनसङ्ख्या

| वडा नं. | १ वर्षभन्दा मुनि | गर्भवती | ५ वर्षमुनि | ६-१२ वर्ष | १३ –१८ वर्ष | १९ देखि ५९ वर्ष | ६० वर्षमाथि | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | | | | | | | | |
| …. | | | | | | | | |

## अपाङ्गताको विवरण

| वडा नं. | अपाङ्गताको प्रकार | महिला | पुरुष | जम्मा |
|---|---|---|---|---|
| १ | | | | |
| ... | | | | |

## ३. प्रकोपका अवस्था :

### वडाको जोखिम विश्लेषण

प्रकोपको पहिचान तथा स्तरीकरण

| प्रकोप | भूकम्प | बाढी | खडेरी | महामारी | हुरीबतास | आगलागी | शीतलहर |
|---|---|---|---|---|---|---|---|
| भूकम्प | × | बाढी | भूकम्प | महामारी | हुरीवतास | आगलागी | शीतलहर |
| बाढी | × | × | बाढी | बाढी | बाढी | बाढी | बाढी |
| खडेरी | × | × | × | महामारी | हुरी बतास | आगलागी | शीतलहर |
| महामारी | × | × | × | × | महामारी | आगलागी | महामारी |
| हुरीबतास | × | × | × | × | × | आगलागी | शीतलहर |
| आगलागी | × | × | × | × | × | × | आगलागी |
| शीतलहर | × | × | × | × | × | × | × |
| जम्मा अंक | | ६ | ० | ४ | २ | ५ | ३ |
| स्तरीकरण | | एक | छ | तीन | पाँच | दुई | चार |

तालिका नं १ : प्रकोप स्तरिकरण

यस गाउँपालिकाको प्रकोपलाई जोडी तुलना विधि प्रयोग गरेर समुदाय संग छलफल गर्दा बाढी प्रमुख प्रकोपको रुपमा रहेको माथिको तालिकाले देखाउंदछ । खांडो नदीले प्रत्येक वर्ष उब्जाउ जमिनहरु कटान गरेर लाने, अन्नवालीहरु नष्ट गर्ने मानिस तथा चौपायाहरु बगाएर लैजाने भएकोले प्रमुख प्रकोपको रुपमा बाढीलाई लिइएको छ । त्यसैगरी आगलागी दोश्रो प्रमुख प्रकोपको रहेको छ । प्रकोपको ऐतिहासिक समय रेखालाई पनि हेर्ने हो भने आगलागीले धेरै मानिसहरुको ज्यान लिएको, घरहरु नष्ट भएको तथ्यांक रहेको छ । यसैगरी क्रमशः महामारी र शीतलहर पनि यस वडाको प्रमुख प्रकोपको रुपमा रहेको छ । प्रत्येक बर्ष यस वडामा झाडापखालाको महामारी फैलिने गरिएको छ । झाडापखालाको महामारीबाट पछिल्लो बर्ष दुई जनाको ज्यान समेत गएको थियो । यसैगरी शीतलहरबाट समेत बर्सेनी यहाँका बालबालिका तथा वृद्धवृद्धा प्रभावित हुने गरेको छ ।

### विपदको समयरेखा र क्षतिको अवस्था

| बर्ष | प्रकोप | स्थान | क्षतिको विवरण |
|---|---|---|---|
| १९९० | भूकम्प | साबिकको वार्ड नं. १ देखी ९ | सयौ घरवार तहस नहस भएको पशु तथा मानविय क्षति समेत भएको ५० लाखको घर धनमाल क्षति |

| | | | |
|---|---|---|---|
| २०३३ | बाढी | साबिकको वार्ड नं. ५, ६,७,८,९ | वाढी वाट वडा नं ५, ६, ७, ८, र ९ पुरै गाँउ घर तथा खेत डुवान, लगाएका वाली नाली नष्ट तथा भोकमरी भएको ८० लाख बराबरको क्षति |
| २०३४ | खडेरी | साबिकको सवैवार्ड | सालमा वाली लगाउन न पाएको, विउ वेर्ना खडेरीले डढेको, नगन्य उत्पादन र भोकमरी बढेको, वेर्ना लिएर प्रर्दशन गरीएको |
| २०५१ | बाढी | साबिकको वार्ड नं. ५, ६, ७, ८, ९ | पुरै डुवान भएको, झाडा वान्ताको विमारी बढेको उपचारको लागी विरामीहरु राजविराज समेत पुगेको । ६० लाख बराबरको क्षति |
| २०६४ | आगलागी | साबिकको वार्ड नं. ४ | ५० लाखको क्षति |
| २०६४ | बाढी | साबिकको सबै वडा | ५० लाखको क्षति |
| २०६५ | आगलागी | साबिकको वडा नं. ६ | सालमा आगलागी एक जनाको मृत्यू, गोरु २, गाई १ र वाखा ५ मरेका |
| २०६६ | किटआतंक | साबिकको सवै वडा | वाली नालीमा किट आतंक देखा पर्न थालेको, किटनासक औषधीको प्रयोग गर्न नसकनेको उत्पादनमा ह्रास हुन थालेको । |
| २०६६ | बाढी | साबिकको वार्ड नं. १,२,३,४,५,६,७,८,९ | घर, मान्छे, जनावर, जमिन |
| २०६७ | महामारी | साबिकको वार्ड नं. ६ | १ लाखको क्षति, १ जनाको मृत्यु |
| २०६८ | बाढी | साबिकको वार्ड नं. २, ५, ६, ७, ८, ९ | ५० लाख क्षति |
| २०६८ | आगलागी | साबिकको वार्ड नं. ७ | ४० लाखको क्षति, १ मानिसको मृत्यु, १० घर प्रभावित |
| २०६९ | आगलागी | साबिकको वार्ड नं. ६ | १२ लाखको क्षति |
| २०६९ | आगलागी | साबिकको वार्ड नं. १, ९ | १ मानिसको मृत्यु |
| २०६९ | शीतलहर | साबिकको वार्ड नं. १, ९ | ७० लाखको क्षति |
| २०७० | बाढी | साबिकको सबै वडा | ५० लाखको क्षति |
| २०७३ | बाढी | साबिकको सबै वडा | ७० लाखको क्षति |
| २०७४ | बाढी | साबिकको सबै वडा | १ करोडभन्दा बढीको क्षति |
| २०७४ | झाडापाखालाको महामारी | सकरपुरा | २ लाखभन्दा बढीको क्षति, २ जना महिलाको मृत्यु |
| | | | |

तालिका नं २ **विपदको समयरेखा**

विपदको समय रेखालाई हेर्ने हो भने बाढी, आगलागी, शीतलहरले र महामारीले यस वडालाई प्रभाव पारेको देखिन्छ । बाढीले २०३३, २०५१, २०६६ र २०६८, २०७३ र ७५ मा सयौं घरधुरीहरु प्रभावित भएको देखिन्छ भने करोडौको अन्नवाली नष्ट भएको पाइन्छ । त्यसैगरी आगलागीले पनि २०६४ साल देखि २०६९ सालसम्म प्राय: प्रत्येक वर्ष धनजनको क्षति गरेको पाइन्छ । करीव ३ जनाको मृत्यु, करौडौको आर्थिक क्षति भएको ऐतिहासिक विवरण रहेको पाइन्छ । त्यस्तै महामारीले वडा नं. ६ मा, शीतलहरले १ र ९मा र किट आतंकले सवै वडामा प्रभाव पारेको देखिन्छ ।

**प्रकोपको मौसमी पात्रो**

| प्रकोप | बैंशाख | जेष्ठ | असार | श्रावण | भदौ | असोज | कार्तिक. | मंसिर | पुष | माघ | फागुन | चैत्र |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|

| | | | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| भूकम्प | | | | | | | | | | | | |
| बाढी | | | | | | | | | | | | |
| खडेरी | | | | | | | | | | | | |
| शीतलहर | | | | | | | | | | | | |
| आगलागी | | | | | | | | | | | | |
| हावाहुरी | | | | | | | | | | | | |
| माहामारी | | | | | | | | | | | | |

**तालिका नं ३ प्रकोप मौसमी पात्रो**

यस गाउँपालिकामा बाढी विशेष गरेर असार महिनादेखि असोज महिनासम्म आउने गरेको छ भने आगलागीका घटनाहरु फागुनदेखि जेष्ठ सम्म हुने गरेको छ। वर्षको २ महिना पुष र माघमा शीतलहरले सताउने गरेको पाइन्छ। त्यस्तै भूकम्प वर्षको जुनसुकै समयमा र महामारी भदौ, असोज, कार्तिक र मंसिरमा हुने गरेको पाइन्छ। यसरी बाह्रै महिनामा विभिन्न प्रकारका प्रकोपहरु हुने गरेको पाइन्छ।

**गाउँपालिकाको भौतिक क्षमता**

तिलाठी कोइलाडी गाउँपालिका विपद्‌बाट अति प्रभावित गाउँपालिका हो। कूल ८ वटा वडामध्ये वडा नम्बर १,२, ३,४ र ५ बाढीबाट सबैभन्दा बढी प्रभावित हुने वडा हो। बाढीबाट अति प्रभावित रहेको यस गाउँपालिकासँग भौतिक तथा मानवीय क्षमता केही हदसम्म रहेको छ। गाउँपालिकाको दुवै किसीमको क्षमतालाई अझ बढाउनुपर्ने आवश्यकता रहेको छ। भौतिक तथा मानवीय क्षमता कम रहेपनि बाढीको सामना गर्दै आएको छ। गाउँपालिकाको क्षमतालाई बढाउन बाह्य निकायहरुले समेत समय समयमा सहयोग गर्ने गरेको अवस्था छ।

- वडा नं. ३ सकरपुराको मुखिया टोलमा तीन वटा र वडा नं. ५ को बर्साइनमा एउटा सेल्टर हाउस रहेको
- चार वटा उँचो ट्यूबेल (उग्रतारा भगवती मन्दिर नजिक, मुखिया टोलमा र नयाँ टोल सकरपुरामा)
- ६ वटा वडा कार्यालयको भवन
- सामुदायिक र संस्थागत गरी २५ वटा विद्यालय
- दुई वटा सशस्त्र र दुई वटा नेपाल प्रहरीको गरी चार वटा प्रहरी युनिट रहेको।
- एक थान चारपाङग्रे गाडी (डबल क्याब)
- एक थान एम्बुलेन्स
- २५ थान मोटरसाइकल
- खोज तथा उद्धार सामग्रीहरु
- ४ थान ट्रयाक्टर
- सक्सन मेसिन
-

**गाउँपालिकाको मानवीय क्षमता**

- RRT समूह गठन
- प्राथमिक उपचार तालिम प्राप्त २४ जना जनशक्ति
- खोज तथा उद्धार तालिम प्राप्त २४ जना जनशक्ति
- तालिम प्राप्त स्वास्थ्यकर्मी २ जना
- तालिम प्राप्त स्थानीय विपद् तथा जलवायू उत्थानशील समिति ९ वटा
- तालिम प्राप्त वडा स्तरीय विपद् तथा जलवायू उत्थानशील समिति
-

## २ संकटासन्नता बिश्लेषण

| क्र. सं. | प्रकोप | जोखिममा रहेका तत्वहरु | खतराले जोखिममा रहेका तत्वहरु | जोखिममा रहेका तत्वहरु संकटासन्न हुनुको कारण | संकटासन्न तत्व |
|---|---|---|---|---|---|
| १ | बाढी | मानिस, पशु,घर र गोठ, खेतीपाती, खेतीयोग्य जमिन | घाईते, मृत्यू | शारिरिक कमजोरी, ज्ञानको अभाव, ,पुर्वतयारीको कमी, नदी नजिकको बस्ती | सामाजिक, आर्थिक |
| २ | भूकम्प | मानिस, घर गोठ, पशूचौपाया र भौतिक संरचना | मृत्यु, घाइते,शाररीक अङ्गभङ्ग, क्षतिग्रस्त हुनु, संरचनाको नोक्सानी | कमजोर संरचना,भौगोलिक अवस्था, शारिरिक अशक्तता | समाजिक, भौतिक, मनोवैज्ञानिक |
| ३ | चट्याङ्ग | मानिस, पशु,घर | घाईते, मृत्यु, क्षतिग्रस्त भवन, आगलागी | अर्थिङ्ग जड्न नहुनु, चट्याङ्ग पर्दा बिद्युतीय उपकरण चलाउने | सामाजिक, भौतीक |
| ४ | हुरीबतास | बालिनालि, घर गोठ,मानिस | बालिनालीलाई लडाई दिनृ, घर तथा गोठको छानो उढाइदिन सक्ने | कमजोर बनौट, बिकसित वा सुधारिएको बाली प्रणाली नहुनु, | सामाजिक, भौतिक |
| ५ | महामारी | मानिस, पशु | मृत्य, स्वास्थ्य अवस्था कमजोर हुनु, आय आर्जनमा कमि | सरसफाईको कमि, कमजोर शारीरिक अवस्था हुनु,, अशिक्षा, अज्ञानता | धारणागत, सामाजिक |
| ६ | आगलागी | वन जङगल, वन्यजन्तु, घर, मानिस | मृत्यू, घाईते, बिस्थापित,बनबिनास | गोठमा असुरक्षित तरिकाले आगो बाल्नु, जथाभावी आगो फ्याक्नु , बालबालिकाले भेट्ने गरि सलाई वा अग्निजन्य पर्दाथ राख्ने, | सामाजिक, भौतीक |
| ७ | शीतलहर | मानिस तथा पशु | कठ्यांग्रिएर मर्नु, | न्यानो लुगा नहुनु, बाहिर काम गर्न जानु, तातो खाने चिज नखानु, | सामाजिक |

### ३. क्षमता बिश्लेषण

| क्र. सं | बिपद् | जोखिममा रहेका तत्वहरु | सामना गर्ने संयन्त्र | प्रयोग गरिने श्रोतहरु | क्षमताको पक्ष |
|---|---|---|---|---|---|
| १ | बाढी | मानिस, पशु,घर, खेत | उचित ठाउँमा जाने, व्यवस्थित भल कटान गर्ने, सामुदायिक मेलमिलाप | कुटो, कोदलो,ढुङ्गा, माटो, गिट्टी बालुवा,रुख | जनचेतना, उत्प्रेरणा |
| २ | भूकम्प | मानिस, वस्तु भाउ,घर गोठ र भौतिक संरचना | भूकम्प प्रतिरोधात्मक भवन निर्माण, दक्ष जनशक्ति, सुरक्षित स्थान | ढुङ्गा, माटो, गिट्टी, बालुवा, जनशक्ति | उत्प्रेरणा, जनचेतना, |
| ३ | चट्याङ्ग | मानिस, पशु,घर | अर्थिङ्ग जडान | आवश्यक औजार उपकरणको प्रयोग | भौतिक |
| ४ | हुरीबतास | बालिनालि, घर गोठ,मानिस | सुरक्षित स्थान जान्ने, घर तथा बिघालयको छाना बलियो बनाउने | काठ, डोरी, तार | भौतिक |
| ५ | महामारी | मानिस, पशु | फोहोर मैला व्यवस्थापन, पानीको मुहान सफा राख्ने, शाररिक सरसफाई | साबुन, फोहोर फाल्ने खाडल बनाउने | जनचेतना |
| ६ | आगलागी | वन जङगल, वन्यजन्तु, घर, मानिस | सबै सगँ सहयोग मागी आगो निभाउन प्रयास गर्ने | स्याउला, स्थानीय जनशक्ति | जनचेतना, उत्प्रेरणा |
| ७ | असिना | घर,बालिनाली | टनेल निर्माण | प्लाष्टिक, फाइबर, बाँस | जनचेतना, उत्प्रेरणा, भौतिक |
| ८. | शीतलहर | मानिस तथा पशु | न्यानो लुगा वितरण, तातो खानेकुरा खाने | कम्बल, दाउरा | जनचेतना, उत्प्रेरणा, भौतिक |

**<u>सुझाव</u>**

तिलाठी कोइलाडी गाउँपालिका बाढीबाट अत्यन्तै प्रभावित गाउँपालिकाको हो । गाउँपालिकाको वडा नं. १ देखि ५ सम्मका बासिन्दाहरु बाढीसँगै आगलागी, महामारी, शीतलहर, सर्पदंश जस्ता प्रकोपहरुबाट बर्सेनी प्रभावित बन्दै आएको छ । पछिल्लो लामो समयदेखि सकरपुरा बाढी र महामारीबाट प्रभावित बन्दै आएको छ । वडास्तरीय विपद् तथा जलवायू उत्थानशील समिति गठन गरिएको छ । विपद् जोखिम न्यूनिकरण सम्बन्धमा बालबालिकाहरु जानकार भएका छन् । उनीहरु वडा स्तरमा जोखिम न्यूनिकरणकालागि क्रियाशिल रहेका छन् । यसैगरी वडालाई आवश्यक पूर्व तयारीका सामग्रीहरु समेत उपलब्ध गराइएको अवस्था छ ।

विपद्को जोखिमबाट जोगाउन अल्पीकरणका कामहरुमा ध्यान दिनु आवश्यक रहेको देखिन्छ । बाढीबाट जोगाउन खाँडो खोलामा बाँधिएको बाँधलाई थप बलियो बनाउन वृक्षारोपण गर्नुका साथै ठाउँ ठाउँमा बोल्डर क्रेटिङ गर्नु आवश्यक रहेको देखिन्छ । निर्वाचित जनप्रतिनिधिसँगै वडाका अगुवाहरु

विपद्को जोखिम न्यूनिकरण गर्नकालागि अग्रसरता देखाउनु पर्छ । महामारी नियन्त्रणकालागि बाल क्लब तथा स्वास्थ्यकर्मीहरुलाई समय समयमा परिचालन गर्नु पर्छ । शीतलहरका बेला ठाउँ ठाउँमा दाउरा बाल्ने व्यवस्था गरिनु पर्दछ ।

## आगामी दिनमा गर्नुपर्ने कार्यहरु

विपद्को क्षति न्यूनीकरणका लागि स्थानिय विपद् व्यवस्थापन समितिले आफै तथा विभिन्न निकायहरुको सहयोग तथा सहभागितामा निम्न क्रियाकलापहरु गर्नुपर्ने देखिन्छ ।

- प्रकोप सचेतना अभियान,
- विद्यालयमा जोखिम पहिचान तथा नक्सांकन,
- खोज, उद्दार तथा प्राथमिक उपचार तालिम,
- संकटाभिमुखता तथा क्षमता विश्लेषण तथा अद्यावधिक,
- वायो इन्जिनियरिङ तालिम तथा संरक्षण कार्य
- अल्पीकरणका योजनाहरु पहिचान गरी सञ्चालन
- महिला समुह, किशोरी समुह र स्थानीय सहकारी तथा संघसंस्थामा प्रकोप सचेतना गोष्ठी,
- सुचना शिक्षा तथा संचार सामाग्रीहरु होर्डिङ बोड, पोष्टर पम्प्लेट, रेडियो कार्यक्रम, हाते पुस्तिका तयार, पत्रपत्रिकामा सन्देश प्रकाशनजस्ता क्रियाकलापहरु
- विद्यालयहरुमा विपद् जोखिम न्युनीकणसम्बन्धी वक्तृत्वकला, चित्रकला, सांस्कृतिक कार्यक्रम, सडक नाटक, प्रकोप सम्बन्धि राष्ट्रिय अन्तराष्ट्रिय दिवस मनाउने स्थानिय पाठ्यक्रम निर्माण आदि अतिरिक्त क्रियाकलाप सञ्चालन
- त्रैमासिक बैठक, वार्षिक भेला तथा योजना समिक्षा गोष्ठी
- वृक्षारोपण
- भुकम्प प्रतिरोधी नमुना भवन निमार्ण मा.वि, नि.मा.वि, प्रा.वि विद्यालयको भवन सुधार
- विद्यालय तथा वडा कार्यालय र भिडभाड हुने स्थानहरुमा भुकम्प प्रतिरोधी प्रणाली जडान कार्य
- बर्षाको पानी निकासको लागि ठोस योजना निर्माण
- विपद् व्यवस्थापन तथा प्रतिकार्यको लागी अभ्यास
- आपतकालीन आवासको निर्माण तथा व्यवस्था

- प्रभावित परिवारको संख्या र जनसंख्या एकिन ।
- जनधनको रक्षा र प्रकोपमा पर्न सक्ने सम्भावित समुदाय, टोल र बस्तीको पहिचान
- नियमित समन्वय बैठक र समिक्षा ।
- आवश्यक क्रियाकलाप सहितको योजना निर्माण र स्थानिय निकायको पहलमा कार्यान्वयन
- योजना अनुसार कार्यान्वयन हुने कार्यको अनुगमन
- स्रोतको खोजी तथा व्यवस्थापन ।
- वेदर फोरकास्ट स्टेशन स्थापना तथा सञ्चालन
- विपद् सिकाई केन्द्र (Disaster Learning Centre) स्थापना तथा सञ्चालन